त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं

## स्नातकोत्तर (कृषि, कृषि तथ्याङ्कशास्त्र, पशुविज्ञान/मत्स्यपालन र पशु चिकित्सा) तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना।

प्रकाशित मितिः २०८२/१०/२९

यस अध्ययन संस्थान, डीनको कार्यालयबाट सञ्चालित स्नातकोत्तर कार्यक्रममा शै.व. २०८२/०८३ मा नयाँ विद्यार्थी भर्नाका लागि मिति २०८२/११/०२ गते लिइने प्रवेश परीक्षामा सम्मिलित भई उर्त्तिण भएका विद्यार्थीहरुको भर्नासम्बन्धी जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### १. भर्ना प्रक्रिया

१.१ भर्ना कार्यक्रम

| क्र.सं. | डिग्री कार्यक्रम | मिति/समय | | उपस्थित हुनुपर्ने मेरिटक्रम | उपस्थित हुने स्थान |
|---|---|---|---|---|---|
| | | काउन्सेलिङ | भर्ना | | |
| १ | पशु चिकित्सा विज्ञान | २०८२/११/०४ गते दिनको ११:०० बजे | २०८२/११/०४ गते दिनको ११:३०–१३:०० बजे | मेरिट सूची १-३० सम्म | कृ.प.वि.अ.सं. डीनको कार्यालय, कीर्तिपुर |
| | | २०८२/११/०४ गते दिनको १३:०० बजे | २०८२/११/०४ गते दिनको १३:३०–१५:०० बजे | मेरिट सूची ३१ भन्दा माथि सबै | |
| २ | कृषि विज्ञान | २०८२/११/०५ गते दिनको ११:०० बजे | २०८२/११/०५ गते दिनको ११:३०–१६:०० बजे | पछि प्रकाशन गरिनेछ | कृ.प.वि.अ.सं. पिजी भवन, कीर्तिपुर |
| ३ | पशु विज्ञान/ मत्स्यपालन | २०८२/११/०८ गते दिनको ११:०० बजे | २०८२/११/०८ गते दिनको ११:३०–०२:०० बजे | मेरिट सूचीमा हुने सबै | कृ.प.वि.अ.सं. डीनको कार्यालय, कीर्तिपुर |
| ४ | कृषि तथ्याङ्कशास्त्र | कृषि तथ्याङ्कशास्त्र विषयको भर्नाका सम्बन्धमा यस अध्ययन संस्थानवाट मिति २०८२।०९।२७ मा प्रकाशित प्रवेश परीक्षाको आवेदनसम्बन्धी सूचना अनुसारको सिट विभाजन भए बमोजिम जुन डिग्री अन्तर्गत विभाजन गरिएको छ सोही डिग्रीको भर्नाका दिन भर्ना गरिनेछ। | | | |

***नोट :*** १) कुनै एक विभागमा कम्तिमा ५ देखि बढिमा तोकिएको संख्यामा मेरिटको आधारमा भर्ना लिईनेछ।
२) पशुचिकित्सा तर्फ पहिलो काउन्सेलिङमा नै सिट संख्या पूरा भएमा दोश्रो काउन्सेलिङ्ग गरिने छैन
३) उल्लेखित मितिको भर्नामा रिक्त हुन गएका सिटका लागि सोही दिन अर्को सूचना प्रकाशित गरिनेछ।
४) विद्यार्थीहरु तोकिएको काउन्सेलिङ समयभन्दा आधा घण्टा अगावै अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ।

१.२. मेरिट क्रममा भएका विद्यार्थी तोकिएको समयमा नआएमा पनि मेरिट क्रम अनुसार भर्ना प्रक्रिया नियमित हुनेछ। यसरी विद्यार्थी भर्ना भईरहेका बखत अधिकतम संख्या नपुगेको अवस्थामा अगाडिका मेरिट क्रमका विद्यार्थीहरु आइपुगेमा भर्ना प्रकृया जहा पुगेको छ सोहि स्थानवाट भर्ना लिईनेछ। तर अधिकतम संख्या पूरा भईसकेको अवस्थामा अगाडिका मेरिटका विद्यार्थी भएपनि समय सकिएपछि आएमा सो विषयमा भर्ना लिईने छैन। दुई वटा degree program मा परीक्षा दिएका बिद्यार्थीको हकमा यदि कसैको नाम दुवै कार्यक्रममा निस्किएको भएतापनि एक विभागमा भर्ना भएपछि अर्को विभागमा भर्ना लिईने छैन। विभाग सञ्चालन गर्नको लागि न्युनतम विद्यार्थी संख्या ५ जना नपुगेमा सोहि डिग्री अन्तर्गतको प्रवेश परीक्षा दिएको विषयहरुमा समायोजन गरिनेछ।

१.३. भर्ना हुन आउँदा तल उल्लेखित कागजतको सक्कल प्रति अनिवार्य छ। कुनैपनि प्रमाणपत्रको प्रतिलिपि भर्ना प्रयोजनको लागि मान्य हुने छैन।
क) रकम जम्मा गरेको वैक भौचर।

ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र ।
ग) स्नातक तहको लब्धाङ्कपत्र (Transcript) ।
घ) स्नातक तहको प्रमाणपत्र (चारित्रिक वा प्रोभिजनल वा मुल प्रमाणपत्र) । नेपाल वाहिरका विश्वविद्यालयको हकमा मूल वा प्रोभिजनल प्रमाणपत्र अनिवार्य हुनेछ । (चारित्रिक प्रमाणपत्र मान्य हुनेछैन । )
ङ) नेपाल बाहिरका विश्वविद्यालयवाट स्नातक उत्तीर्ण गरेका विद्यार्थीहरुको हकमा सो तहको समकक्षता प्रमाणपत्र र सक्कल माइग्रेसन प्रमाणपत्र साथै त्रि.वि.वाहेक नेपाल भित्रका अन्य विश्वविद्यालयको हकमा सक्कल माइग्रेसन प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

भर्ना हुन विद्यार्थी स्वयं उपस्थित हुनुपर्नेछ । विद्यार्थी स्वयं उपस्थित हुन नसकेमा विद्यार्थीको नागरिकतावाट नाता खुल्ने व्यक्तिको उपस्थितिमा भर्ना हुन सक्नेछन् ।

## २. छात्रवृत्ति एवं Institutional Development Fund (IDF) कोटावारे

एउटा कार्यक्रमको प्रवेश परीक्षा भित्र उर्त्तिण भएका विद्यार्थीहरुलाई मेरीटको आधारमा छात्रवृत्ति एवं IDF शुल्क संख्या निर्धारण गरिनेछ । मेरीट क्रमांकका प्रथम २० प्रतिशत विद्यार्थीलाई IDF शुल्क लाग्ने छैन । दोश्रो २० प्रतिशत विद्यार्थीलाई आधा (Half IDF) र बाँकी सबै विद्यार्थीलाई पुर्ण शुल्क (Full IDF) लाग्नेछ । यसरी प्रतिशत निकाल्दा जम्मा भर्ना संख्यालाई आधार मानिनेछ । प्रतिशत लिँदा विद्यार्थी संख्या दसमलब (fraction) मा आएमा ०.५ वा सो भन्दा बढी भएमा माथिल्लो अंक र सो भन्दा कम भएमा तल्लो अंक कायम हुनेछ ।

## ३. भर्ना शूल्क सम्वन्धमा

भर्ना हुँदा कृषि र पशु विज्ञान तर्फ रु. ६१,२५०।- र पशु चिकित्सा तर्फ रु. ६९,३००।- नेपाल बैंक लिमिटेडको कृ.प.वि.अ.सं. पिजी खाता 04500100105399000001 मा जम्मा गरी सोको सक्कलै भौचर भर्नाको समयमा बुझाउँनु पर्नेछ । भौचरको “Depositor” मा विद्यार्थीको नाम लेख्नु पर्नेछ । नियमित सेमेष्टर शुल्क दोस्रो सत्रान्तमा कृषितर्फ रु. २३७५०। र पशुचिकित्सातर्फ रु. ३१८००।- रहेको साथै प्रत्येक सेमेष्टरको शुल्क तथा IDF शुल्क नियमानुसार लाग्नेछ ।

## ४. कोर्ष रजिष्ट्रेशन

कोर्ष रजिष्ट्रेशन मिति २०८२/११/२८ गते हुनेछ । कुनै पनि विद्यार्थीले उल्लेखित दिनमा कोर्ष रजिष्ट्रेशन नगराएमा नियमानुसार बिलम्ब शूल्क लाग्नेछ ।

## ५. भर्ना रद्द सम्वन्धमा

भर्ना भएका बिद्यार्थीले कूनैपनि कारणबाट कोर्ष रजिष्ट्रेसनको मिति अगाडी भर्ना रद्द गरेमा सो कोटालाई Full IDF कोटामा परिवर्तन गरी भर्ना नभएका विद्यार्थीहरुमध्येवाट भर्ना गरिनेछ । भर्ना भईसकेका विद्यार्थीहरुको विषय/डिग्रीमा कुनै परिवर्तन गरिनेछैन । भर्ना रद्द गर्ने विद्यार्थीहरुले बुझाएको कुनैपनि रकम फिर्ता गरिनेछैन ।

डा.पुष्पराज पौडेल
सहायक डीन तथा संयोजक
स्नातकोत्तर तह भर्ना समिति